प्रदेश सरकार

लुम्बिनी प्रदेश

## सामाजिक विकास मन्त्रालय

## शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलवस्तु फोन न. ०७६ ५५०४६८

प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास निर्देशनालय सामाजिक विकास डिभिजन कार्यालय गजेहडा, कपिलवस्तु

प.सं. ०७७/७८

च.नं.

## उत्कृष्ट महिला सहकारी संस्था छनौट सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/१७ गते)

प्रस्तुत विषयमा प्रदेश सरकार, लुम्बिनी प्रदेश,सामाजिक विकास मन्त्रालय मुकाम: वुटवलको च.न. १०२३ मिति २०७६।०९।१३ को पत्रानुसार महिला उद्यमशीलता कार्यक्रम अन्तर्गत महिलाहरुवाट मात्र सञ्चालित सहकारी संस्थाहरु विच सकारात्मक प्रतिष्पर्धा वृद्धि गरि महिला सशक्तिकरणमा योगदान पुर्याउने महिला सहकारी संस्थाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न देहाय अनुसारको योग्यता पुरा भएका कपिलवस्तु र अर्घाखाँची जिल्लाका महिला सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र उत्कृष्ट महिला सहकारी सम्वन्धी मापदण्ड २०७६ बमोजिमका आधार र सुचकहरु समेत खुलाई सोको पुष्टयाई हुने कागजातहरु राखी तोकिएको रितपुर्वकको फारम सिलवन्दी दर्ता गर्न सकिने र अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२ :०० वजे भित्र फाराम दर्ता गर्न सकिनेछ । म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन साथै यस सम्वन्धी थप जानकारीको लागि कार्यालयको web site: sddokapilvastu.p5.gov.np हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१. इच्छुक सहकारी संस्थाहरुको योग्यता देहाय वमोजिम हुनुपर्नेछ:-

(क) प्रचलित कानुन वमोजिम दर्ता भई कम्तिमा ५ वर्ष देखी क्रियाशिल रहेको।

(ख) लुम्विनी प्रदेश भित्र कार्यक्षेत्र भएको।

(ग) महिलाहरुवाट मात्र सञ्चालित र महिलाहरु मात्र शेयर सदस्य रहने व्यवस्था भएको।

(घ) महिला बालवालिका तथा पछाडी परेका वर्गहरुको सशक्तिकरणको क्षेत्रमा क्रियाशिल रहेको।

२. गत आ.व.२०७६/२०७७ मा यस कार्यालयवाट सिफारिस भई सामाजिक विकास मन्त्रालयले पुरस्कृत गरेका संस्थालाई प्रतिस्पर्धामा समावेश गरिने छैन।

३. माथि उल्लेख हुन छुट भएका कुनै विषयहरु वा वाझिएका कुनै कुराहरु सामाजिक विकास मन्त्रालयवाट स्विकृत सामाजिक विकास सम्वन्धी कार्यक्रम संचालन मार्गदर्शन,२०७७ तथा उत्कृष्ट महिला सहकारी सम्वन्धी मापदण्ड २०७६ ले व्यवस्था गरे अनुसार हुनेछ।

२०७७/९/१८

शाखा अधिकृत